जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

# जोशीपुर गाउँपालिका

## गाउँ सभाको १४ औं अधिवेशन बैठकमा

### गाउँपालिका उपाध्यक्ष श्री रेखा देवी कठरियाज्यूद्वारा प्रस्तुत

## आर्थिक वर्ष २०८२/०८३ को

# बजेट बक्तव्य

जोशीपुर गाउँपालिका

जोशीपुर,कैलाली

१० आषाढ, २०८२

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

गाउँ सभा अध्यक्ष ज्यू,

जोशीपुर गाउँपालिकाका गाउँसभा सदस्य ज्यूहरु,

राष्ट्रसेवक कर्मचारी, पत्रकार तथा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरु तथा

जोशीपुर गाउँपालिकाबासी, दाजु भाई दिदि बहिनीहरु

१. देश न्युन आर्थिक बृद्धिदरका कारण आर्थिक चलायमान गर्ने चुनौतीपुर्ण घडीमा म गाउँपालिका उपाध्यक्षको हैसियतले स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भए बमोजिम जोशीपुर गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बार्षिक बजेट प्रस्तुत गर्न गइरहेकी छु।

२. लोकतन्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापना गर्न विभिन्न, आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।

**श्रीमान् सभाध्यक्ष महोदय,**

*चालु आ.व. को बजेट नीति तथा कार्यक्रमको समिक्षा*

३. यस जोशीपुर गाउँपालिकाको चालु आ.व.को जेठ मसान्त सम्मको पुजींगत तर्फ ४६ दशमलब १५ प्रतिशत र चालु तर्फ ७२ दशमलब २५ प्रतिशत जस्मा जम्मा ६३ दशमलब्र ४ प्रतिशत बजेट खर्च भएको छ।

४. चालु आ.व.को जेठ मसान्त सम्मको विविध क्षेत्रगत योजना तथा कार्यक्रम उपलब्धि समिक्षा यस प्रकार रहेको छ।

| सि.नं. | विषयगत क्षेत्र | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक विकास | ४८ दशमलब ९९ | |
| २ | सामाजिक विकास | ६८ दशमलब ९७ | |
| ३ | पुर्वधार विकास | ४७ दशमलब ९७ | |
| ४ | सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | ३६ दशमलब ४३ | |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र | ७४ दशमलब ९२ | |

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

५. राजश्व बाँडफाँड तथा समानीकारण अनुदान पूर्ण रुपमा प्राप्त नहुदा पालिकाको सार्वजनिक सेवा प्रवाह, विकास निर्माण कार्य र नियमित रुपमा सञ्चालन गर्नुपर्ने योजन तथा कार्यक्रमहरु प्रत्यक्ष प्रभावित भइ भुक्तानी दायित्व सिर्जनाका कारण त्यसको असर आगामी आ.व.को वजेट तर्जुमा समेत देखिएको छ।

**श्रीमान् सभाध्यक्ष महोदय,**

*सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धी*

**सोचः** जोशीपुर समृद्धिको आधार : कृषि उत्पादन,शिक्षा, स्वस्थ्य, संस्कृतिक पर्यटन र पूर्वाधार

६. लक्ष्यः कृषिको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै समृद्ध र सुखी गाउँपालिकाको निर्माण गर्ने।

७. उद्देश्य तथा अपेक्षित उपलब्धीः

क. उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै आर्थिक विकासको आधार तयार गर्नु ।

ख. गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानीको सुनिश्चितता गर्दै सामाजिक न्याय सहितको सांस्कृतिक समुन्नत समाज निर्माण गर्नु ।

ग. गुणस्तरीय तथा प्रयोगकर्ता मैत्री पूर्वाधारको विकास गरी समृद्धिको आधार तयार गर्नु ।

घ. वातावरणीय सन्तुलन कायम गर्दै जल, जमिन, जङ्गल, जैविक विविधता जस्ता प्राकृतिक श्रोत र सम्पदाको संरक्षण तथा विकास गर्नु,

ङ. संस्थागत तथा जनशक्तिको क्षमता विकास गरी सुशासन अभिवृद्धि गर्नु ।

**श्रीमान् सभाध्यक्ष महोदय**

अब म आगमी आ.व.२०८२।०८३ को क्षेत्रगत रुपमा तय गरिएका बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्न गइरहेकी छु ।

*आर्थिक विकास*

८. आर्थिक विकास क्षेत्र अर्थतन्त्रको महत्त्वपूर्ण पक्षको रुपमा रहेको कृषि, पर्यटन, सहकारी क्षेत्रको विकासका लागि रु.८६ लाख ८० हजार विनियोजन गरेकी छु।

क. जोशीपुर गाउँपालिकाको प्रमुख आधारको रुपमा रहेको कृषि क्षेत्र उत्पादन तथा उत्पादकत्व बढाउन सञ्चालन गरिने विभिन्न कार्यक्रम सञ्चालनका लागि रु४० लाख विनियोजन गरेकी छु।

ख. केरा (पकेट) विकास कार्यक्रम निरन्तरताका लागि रु.६ लाख विनियोजन गरेकी छु।

ग. पशुपालनलाई व्यवसायिक बनाउन पशु स्वास्थ्य र कार्यक्रम,प्रयोगशाला सेवा कार्यक्रम,पशु आहरा सेवा कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेकी छु।

घ. सहकारी क्षेत्रको क्षमता विकास र प्रवर्द्धन सम्बन्धी कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेकी छु।

ङ. जोशीपुर गाउँपालिका वडा नं.२ स्थित रहेको लभ्लीपार्क प्रदेश सरका र गाउँपालिकाको सहकार्यमा स्तरोन्नति गर्न आवश्यक रकम विनियोजन गरेकी छु।

**श्रीमान् सभाध्यक्ष महोदय,**

*सामाजिक विकास*

९. गाउँपालिका स्तरीय सामाजिक विकास क्षेत्रको मेरुदण्डको रुपमा रहेका शिक्षा, स्वास्थ, महिला तथा बालबालिका, दलित लक्षित वर्ग, मुक्त कमैया लगायत समग्र सामाजिक क्षेत्रको विकासका कार्यक्रम कार्यन्वयन गर्न रु. २ करोड ४१ लाख विनियोजन गरेकी छु।

क. विद्यालयमा शैक्षिक गुणस्तर सुधारका लागि विद्यालय भौतिक पूर्वाधार, दिवा खाजा, छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, छात्राहरुका लागि निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन निरन्तरता दिइ आवश्यक बजेट विनियोजन गरेकी छु।

ख. सामुदायिक विद्यालयमा कार्यरत निजी स्रोत शिक्षकहरुका लागि प्रदान गरिने अनुदान कार्यक्रमलाई प्रभावकारी ढंगले थप व्यवस्थित गर्न कार्यविधि संशोधन गरि सोही बमोजिम निरन्तरता दिइनेछ।

ग. सामुदायिक विद्यालयका कर्मचारी, बालविकास सहजकर्ता र कार्यालय सहयोगीहरुलाई नेपाल सरकारले उपलब्ध गराउने तलब भत्ता रकममा अपुग रकम गाउँपालिकाको आन्तरिक स्रोतबाट व्यवस्थापन गरि निरन्तरता दिन आवश्यक रकम विनियोजन गरेकी छु।

घ. अभिभावक सचेतना कार्यक्रम, प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम, आपङ्गता भएका बालबालिकाहरुका लागि अतिरिक्त क्रियाकलाप, गाउँपालिका स्तरीय कक्षा सर्वोतकृष्ट हुने बालबालिका र विद्यालयका लागि पुरस्कार लगायत कार्यक्रमका लागि आवश्यक वजेट विनियोजन गरेकी छु।

ङ. जोशीपुर गाउँपालिका वडा नं.७ स्थित रहेको श्री रघु नाथ बहुमुखी क्यामपसलाई प्रदान गर्दै आएको छात्रवृत्ति अनुदान रकम निरन्तरता दिदै आवश्यक रकम विनियोजन गरेकी छु।

च. जोशीपुर गाउँपालिका भित्रका गर्भवती महिलाहरुका लागि प्रसुति स्याहार तथा व्यवस्थापन गर्न निशुल्क एम्बुलेन्स सेवा सञ्चालन कार्यक्रम निरन्तरता लागि आवश्यक रकम विनियोजन गरेकी छु।

छ. सिकल सेल एनिमिया रोगीहरुलाई पहिचान गरी निशुल्क स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेकी छु ।

ज. गर्भवती महिलाहरुलाई निशुल्क रक्त परीक्षण कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेकी छु।

झ. स्वास्थ्य संस्थाबाट प्रदान गरिने ९८ प्रकारका औषधि निशुल्क प्रदान गर्न रु.३० लाख विनियोजन गरेकी छु।

ञ. गर्भवती महिलाहरुलाई निशुल्क रक्त परीक्षण कार्यक्रम, नुमना पोषण कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेकी छु।

ट. उमेरहदका कारण अनिवार्य अवकाश हुने महिला स्वास्थ्य स्वंयम सेविकाहरुलाई जनही रु.५० हजार अवकाश अनुदानका लागि आवश्यक रकम विनियोजन गरेकी छु।

ठ. विशेष क्षमता भएका व्यक्तिहरुका लागि सीप विकास तालिम कार्यक्रम सञ्चालन तथा बाल मैत्री स्थानीय शासन प्रवर्द्धन गर्न आवश्यक बजेट व्यवस्थापन गरेकी छु।

ड. जोशीपुर गाउँपालिका भित्र रहेका महिलाहरुलाई सेनेटरी प्याड उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेकी छु।

श्रीमान् सभाध्यक्ष महोदय,

*<u>पूर्वाधार विकास</u>*

१०.पूर्वाधार विकास क्षेत्र अन्तर्गत खानेपानी आयोजना निर्माण, तटबन्धन,पक्कीपुल, पक्की सडक,कोल्ड स्टोर, भवन, घेरवार, अन्य सर्वजानिक संरचना निर्माण लगायत समग्र पूर्वाधार क्षेत्रको विकासका लागि सशर्त अनुदान पुजीगत समेत गरि रु ४४ करोड ३२ लाख रकम विनियोजन गरेकी छु।

११.जोशीपुर गाउँपालिका वडा नं.२ र ५ जोड्ने घैला नालामा पुल निर्माण लगायत, कलोपत्रे सडक, भवन निर्माण कार्य गर्न गाउँपालिका स्तरिय क्रमागत योजनाहरुलाई निरन्तरता दिई आवश्यक बजेट विनियोजन गरेकी छु।

क. विश्व बैंक, संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा खानेपानी क्षेत्रगत सुशासन तथा पुर्वधार सहयोग आयोजना अन्तर्गत जोशीपुर खानेपानी आयोजना, घैलाबौनियाँ – रामनगर- सिमराना खानेपानी आयोजना, पटाउपुर खानेपानी आयोजना, लोखरी-सिमरी खानेपानी आयोजना, लक्कडमण्डी-नबदुर्गा खानेपानी आयोजना र सार्वजनिक शौचालय निर्माण गर्न ४० करोड ५० लाख बजेट विनियोजन गरेकी छु।

ख. जोशीपुर गाउँपालिका वडा नं. १ बडहरियामा स्थित कोल्ड स्टोर भवन निर्माण कार्य सम्पन्न गरि सञ्चालनमा ल्याइने छ।

ग. संघ सरकार र प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदानमा विभिन्न योजना निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेकी छु।

घ. संघ सरकारको विशेष अनुदान अन्तर्गत काँढा नदिमा तटबन्धन निर्माणका लागि रु६९ लाख विनियोजन गरेकी छु।

ङ. प्रदेश सरकारको प्राप्त विशेष अनुदान अन्तर्गत कृषि उपज तथा अन्य स्थानीय उतपादन तथा विक्री केन्द्र, विपन्न तथा सिमान्तकृत सामुदायका लागि नमुना आवस तथा एकिकृत बस्ती निर्माण र जोशीपुर गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा फर्निचर निर्माण गर्न रु.७५ लाख विनियोजन गरेकी छु।

च. संघ, प्रदेश ,अन्य सरकारी तथा गैर सरकारी संघ संस्था र गाउँपालिका वीच लागत साझेदारीमा सञ्चालन गरिने विभिन्न योजना तथा कार्यक्रमका लागि सह लगानी बापतको आवश्यक रकम विनियोजन गरेकी छु।

श्रीमान् सभाध्यक्ष महोदय,

*<u>बन, बवातावरण तथा विपद व्यवस्थापन</u>*

१२.बन बतारबरण तथा विपद् व्यवस्थापनका लागि रु२५ लाख विनियोजन गरेकी छु।

क. विपद् व्यवस्थापनको राहत कोषमा आवश्यक रकम जम्मा गरि विपदको पुर्व तयारी, उद्दार र पुनर्स्थापना कार्य, विद्यालय स्तरीय विपद व्यवस्थापन तथा प्रतिकार्य सम्वन्धी कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्थापन गरेकी छु।

ख. गाउँपालिकालाई प्राकृतिक तथा बताबरण मैत्री बनाउन हरियो जोशीपुर निर्माण कार्य सञ्चालन गर्न विभिन्न वृक्षरोपण तथा अभियान कार्यक्रमहरु सञ्चालनको व्यवस्था मिलाइने छ।

श्रीमान् सभाध्यक्ष महोदय,

*<u>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</u>*

१३.जोशीपुर गाउँपालिकाको नियमित दैनिक कार्यालय प्रशासन सञ्चालन तथा सेवा प्रवाह गर्न आवश्यक रकम ९ करोड ५० लाख रुपैयाँ विनियोजन गरेकी छु ।

क. जोशीपुर गाउँपालिकाको राजश्व अभिवृद्धि गर्न, करको दायरा विस्तार गर्न राजश्व व्यवस्थापन कार्यक्रमको व्यवस्था मिलाइनेछ।

ख. जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धि लागि आवश्यक तालिको व्यवस्था मिलाइने छ।

ग. स्वतः प्रकाशन, मासिक, चौमासिक तथा वार्षिक खर्च तथा प्रगतिको सार्वजनिकीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, व्यवस्थापन परिक्षण, गुनासो व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेकी छु।

रोजगार सेवा केन्द्र

१४.रोजगार रणनीति अध्यावधिक गर्न, रोजगार विनिमय तथा वित्तिय साक्षरता कार्यक्रम, गाउँपालिका भित्रको सम्भाव्य रोजगारी क्षेत्रको नक्साङ्कन र बेरोजगार तथा सीपयुक्त व्यक्तिहरुको नक्साङ्कन, रोजगार दाताहरुको विवरण अध्यावधिक गर्न एबंम रोजगार योजना सञ्चालन गर्न रु. ३२ लाख विनियोजन गरेकी छु।

भुमि ईकाइ

१५.जोशीपुर गाउँपालिकाको भुमि इकाईबाट जग्गा नाप जाँच, लालपुर्जा वितरण लगायत सम्पुर्ण व्यवस्थापकीय कार्यका लागि रु.१५ लाख बजेट विनियोजन गरेकी छु।

न्यायिक ईकाइ

१६.न्यायिक समिति सुचना व्यवस्थापन प्रणाली जडान, कानुनी सचेतना सम्वन्धी तालिम विवाद सामाधान गरेबापत मेलमिलाप कर्तालाई परिश्रमिकका लागि रु.१० लाख विनियोजन गरेकी छु।

श्रीमान् सभाध्यक्ष महोदय,

अब म आ.ब. २०८२।०८३ को अनुमानित राजश्व र व्यय अनुमानको खाका प्रस्तुत गर्न गइरहेकी छु।

| आ.व. २०८२।०८३ को अनुमानित राजश्व र व्यय अनुमान | |
|---|---|
| संघीय वित्तीय समानिकरण | रु. ११ करोड २३ लाख |
| प्रदेश वित्तीय समानिकरण | रु. १ करोड ७ लाख ६९ हजार |

| | |
|---|---|
| संघीय राजश्व बाँडफाँड | रु. ९ करोड २८ लाख ९७ हजार ६ सय ५४ |
| प्रदेश राजश्व बाँडफाँड | रु. ३६ लाख २८ हजार |
| संघीय सर्शत अनुदान (चालू) | रु. १६ करोड ६६ लाख |
| संघीय सर्शत अनुदान (पुजीगत) | रु. ३५ करोड ३९ लाख |
| प्रदेश सर्शत अनुदान चालु | रु. ४ करोड |
| प्रदेश सर्शत (पुजीगत) | रु. ४० लाख |
| संघीय सरकारको विशेष अनुदान | रु.६९ लाख |
| संघीय सरकारको समपुरक अनुदान | रु.५० लाख |
| प्रदेश सरकारको विशेष अनुदान | रु.७५ लाख |
| प्रदेश समपूरक अनुदान | रु. १ करोड ८० लाख |
| आन्तरिक आय | रु. १ करोड ७० लाख ६४ हजार ५ सय |
| अल्या रकम अनुमानित | रु १ लाख |
| जम्मा (सामाजिक सुरक्षा बाहेक) | रु ८३ करोड ८६ लाख ५९ हजार १ सय ५४ |

अन्त्यमा, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधानमा भएको व्यवस्था बमोजिम स्थानीय तहको सरकारको हैसियतले प्रस्तुत गरिएको आगामी आ.व. को वार्षिक बजेट बक्तव्य सफल पार्न सहयोग पुर्याउनु हुने गाउँसभाका सभाध्यक्ष महोदय, सम्पूर्ण सदस्यज्यूहरु, गाउँपालिकाबासी, नेपाल सरकार, प्रदेश सरकार, सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, शिक्षक तथा बुद्धिजीवी, नागरिक समाज, पत्राकार तथा सम्पूर्ण सरोकारवाला महानुभावहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु।

धन्यवाद !

रेखा देवी कठरिया
उपाध्यक्ष

रेखा देवी कठरिया
उपाध्यक्ष